नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली
# सूचनापत्र
मासिक
जेठ/असार २०६९ (June 2012) वर्ष १६/अङ्क १८३

## 'ख्रीष्टमा - आशाले भरिएको जीवन ।'

– पाष्टर रोबर्ट कार्थक

पापको कारणले आत्मामा मरेका मानिसहरूलाई चाहिने अति आवश्यक जीवन दिनलाई नै येशू प्रभु यस संसारमा आउनुभयो । शैतानलाई चोरको नाउँ दिँदै उहाँले भन्नुभयो, "चोर त चोरूँ र मारूँ र नाश पारूँ भनेर मात्र आउँछ ।" यसरी उहाँले शैतानको विनाश गर्ने कामबारे बताउनुभयो । त्यसपछि उहाँले भन्नुभयो, "तर म तिनीहरूले जीवन पाऊन् त्यो जीवन प्रशस्त मात्रामा पाऊन् भन्ने हेतुले आएँ" (यूहन्ना १०:१०) । जीवन दिन आउनुहुने उहाँ स्वयं जीवन हुनुहुन्छ । उहाँ भन्नुहुन्छ, 'बाटो, सत्य र जीवन म नै हुँ' (यूहन्ना १४:३) । 'पुनरुत्थान र जीवन म नै हुँ' (यूहन्ना ११:२५) ।

यसर्थ ख्रीष्ट येशूलाई आफ्ना व्यक्तिगत मुक्तिदाता प्रभु गरी ग्रहण गरेर मात्र हामी पापमा मरेकाहरूले फेरि आत्मिक जीवन पाउन सक्छौं । १ यूहन्ना ५:१२ ले भन्दछ, "जससँग पुत्र हुनुहुन्छ त्यससँग जीवन छ, जससँग परमेश्वरका पुत्र हुनुहुन्न त्यससँग जीवन हुँदैन ।" यसैले जीवन पाउनलाई हामी हरेकले ख्रीष्ट येशू प्रभुलाई ग्रहण गर्न अत्यन्तै आवश्यक छ ।

तर ख्रीष्ट येशू मानिसहरूलाई जीवन दिनलाई मात्र आउनुभएको होइन । उहाँ हामीलाई प्रशस्त जीवन पनि दिनलाई आउनुभएको हो । ख्रीष्ट येशूलाई आफ्ना व्यक्तिगत मुक्तिदाताको रूपमा ग्रहण गरेर मानिसहरूले मुक्ति पाउँछन्, पाप-क्षमा पाउँछन्, अनन्त जीवन पाउँछन् । मरेपछि स्वर्ग जाने निश्चयता पनि उनीहरूलाई प्राप्त हुन्छ । ख्रीष्टलाई ग्रहण गरेर उनीहरू परमेश्वरका छोराछोरी पनि बन्दछन् साथै उहाँका उत्तराधिकारी बन्ने सौभाग्य पनि उनीहरूलाई मिल्दछ । मृत्युपछिको जीवनको लागि उनीहरूलाई अब केही फिक्री गर्न पर्दैन । मरेपछि उनीहरू स्वर्गमा आफ्ना स्वर्गीय पिताको घरमा जानेछन् , यो पक्का छ, सुनिश्चित छ । तर उनीहरूलाई यस पापमय दुष्ट संसारमा अझ धेरै दिन बाँच्न बाँकी नै छ । यस संसारमा बिताउनुपर्ने रहल जीवनमा उनीहरूले धेरै पाप-अधर्म दुष्टतासँग संघर्ष गर्नुपर्छ । रोग-बिमार, घटी-अभाव, चिन्ता-फिक्री तथा अन्य समस्याहरूको सामना गर्नुपर्छ । शैतान दुष्टको विरुद्धमा लड्नुपर्छ, दुष्टका डरलाग्दा आक्रमणहरूको विरुद्धमा खडा रहनुपर्छ। यसैले उनीहरूलाई जीवनले मात्र पुग्दैन । उनीहरूलाई प्रशस्त जीवन पनि चाहिन्छ । शत्रुसँग मुकाबला गरेर त्यसमाथि विजयी हुनु हो भने उनीहरूलाई बलियो बन्नलाई प्रशस्त, प्रशस्त जीवन चाहिन्छ । अस्पतालमा सुतिरहेका बिरामीहरूसित पनि जीवन हुन्छ । जीवन नभएको भए उनीहरू मुर्दा बन्नेथे र स्मशान-घाटमा पुऱ्याइनेथे । अस्पतालमा उनीहरूको निम्ति ठाउँ हुने थिएन । जीवितै भएता पनि उनीहरू केही गर्न सक्तैनन् कारण उनीहरूमा जीवन थोरै मात्रामा मात्र हुन्छ । बाँचेकै भएता पनि उनीहरूले कामलाग्दो, उपयोगी जीवन जिउन सकिराखेका हुँदैनन् । एकमुठी सास थामिराख्ने प्रयासमा उनीहरूको औषधि-उपचार भइराखेको हुन्छ । उनीहरू अशक्त हुन्छन्, केही गर्ने क्षमता उनीहरूमा हुँदैन । जीवन मात्र पाएका तर प्रशस्त जीवन नपाएका ख्रीष्टियानहरू यस्तै हुन्छन् । ख्रीष्ट येशूलाई ग्रहण गरेकाहरूमा पवित्र आत्माले बास गर्नुभएको हुन्छ । रोमी ८:९ ले भन्दछ, "कुनै मानिसमा ख्रीष्टको आत्मा हुनुहुन्न भनेता त्यो उहाँको हुँदै होइन ।" ख्रीष्टको आत्मा नै उनीहरूको जीवनको सास हुन्छ ।

ख्रीष्टियानहरू दुई थरिका हुन्छन्, शारीरिक वा आत्मिक, आत्मा पाएका वा आत्माको भरपूरी पाएका, जीवन पाएका वा प्रशस्त जीवन पाएका । शारीरिक ख्रीष्टियानहरू मुक्ति पाएका मानिसहरू भएता पनि शरीरकै कुराहरूमा बढी ध्यान दिनेहरू हुन्छन् । तिनीहरू आत्मासम्बन्धी कुराहरूमा भन्दा बेसी खाने-लाउने, सुख-बिलास, श्रृङ्गार-पटारका कुराहरूमा मन लगाउँदछन् । संसारका, शरीरका अभिलाषाको बन्धनमा जकडिएका यस्ता ख्रीष्टियानहरू आत्मिक कुराहरूमा अत्यन्तै कमजोर, शिथिल हुन्छन् । यिनीहरू रोगी-बिरामीहरू जस्ता हुन्छन् र परमेश्वरको निम्ति कामलाग्दा हुन सक्तैनन् । यिनीहरूले परमेश्वरका काम गर्न सक्तैनन् । यसैले हामीलाई आत्माका बासले मात्र पुग्दैन, हामीलाई आत्माको भरपूरी नै चाहिन्छ । आत्माले भरिएका ख्रीष्टियानहरू मात्र आत्मिकी हिसाबले स्वस्थ्य, तन्दुरुस्त र बलिया हुन्छन् । ख्रीष्टमा प्रशस्त जीवन जिउनु भनेकै यही हो ।

पुनरुत्थानको दिन आफ्ना चेलाहरूसँग माथिल्लो तल्लामा भेट्दा येशू प्रभुले तिनीहरूलाई भन्नुभयो, "जसरी पिताले मलाई पठाउनुभयो, म पनि तिमीहरूलाई पठाउँछु ।" यति भनेर उहाँले तिनीहरूमाथि फुक्नुभयो र भन्नुभयो, "पवित्र आत्मा लेओ ।" प्रभुले फुक्नुभएको सास आफूभित्र लिनासाथ तिनीहरूले उत्तिखेरै पवित्र आत्मा ग्रहण गरेथे । त्यसको चालीस दिनपछि उहाँको स्वर्गारोहणको बेला उहाँले तिनीहरूलाई यरुशलेममै रहेर पवित्र आत्माको बप्तिस्माको लागि पर्खिरहने कडा आज्ञा दिनुभयो (लूका २४:४९, प्रेरित १:४-५) । त्यसपछि उहाँले प्रेरित १:८ मा भन्नुभयो, "तर पवित्र आत्मा तिमीहरूमाथि आउनुभएपछि तिमीहरूले शक्ति पाउनेछौ, र तिमीहरू यरुशलेममा, सारा यहूदियामा, सामरियामा र पृथ्वीको अन्तिम छेउसम्म मेरा साक्षी हुनेछौ ।" सारा संसारमा गएर सारा सृष्टिलाई सुसमाचार सुनाउने र विश्वास गर्नेहरूलाई चेला बनाउने प्रभुको महान आज्ञा पालन गर्नलाई चेलाहरूलाई पवित्र आत्माको शक्तिको नितान्त आवश्यक्ता थियो । मण्डली निर्माणको काम मानवीय बल र शक्तिले मात्र गर्न नसकिने भएकोले पवित्र आत्माको शक्ति एकदमै चाहिएको थियो । प्रार्थनामा दश दिन पर्खिरहेपछि ती एक सय बीस चेलाहरूमाथि पवित्र आत्मा खन्याइनुभयो र तिनीहरू सबै आत्माले भरिए । त्यही दिन मण्डलीको जन्म भयो ।

हरेक विश्वासीलाई पवित्र आत्माको भरपूरी मिलोस् भन्ने प्रभु चाहनुहुन्छ । उहाँ आफै पनि पवित्र आत्माद्वारा कन्या मरियमको गर्भमा आउनुभएको थियो । आत्माद्वारा जन्मनुभएको भएता पनि परमेश्वरको काम गर्नलाई तीस वर्षको उमेरमा उहाँले पवित्र आत्माको भरपूरी लिनुभएको थियो (लूका ३:२१-२२) । कर्निलियसको घरमा पत्रुस भन्दछन्, "परमेश्वरले नासरतका येशूलाई पवित्र आत्मा र शक्तिले अभिषेक गर्नुभयो । उहाँ सुकर्म गर्दै र शैतानबाट पेलिएकाहरूलाई निको पार्दै हिँड्नुभयो, किनकि परमेश्वर उहाँको साथमा हुनुहुन्थ्यो" (प्रेरित १०:३८) । पवित्र आत्माको शक्तिविना परमेश्वर पुत्र ख्रीष्ट येशूले पनि एउटै शक्तिको काम गर्न सक्नुभएन । उहाँले एउटै अन्धालाई दृष्टि दिन सक्नुभएन, एउटै लाटोलाई बोल्न सक्ने बनाउनुभएन, एउटै बहिरोको कान खोल्न सक्नुभएन, एउटै भूतात्मालाई धपाउन सक्नुभएन, एउटै कुष्ठ रोगीलाई निको पार्न सक्नुभएन, मरेकोलाई जीवित गराउन सक्नुभएन, यहाँसम्म कि उहाँले परमेश्वरको राज्यको प्रचार पनि गर्न सक्नुभएन । परमेश्वर पुत्र ख्रीष्ट येशूलाई पनि परमेश्वरका यी सबै काम गर्नलाई पवित्र आत्माको भरपूरी चाहियो । पवित्र आत्माको अभिषेक विनानै परमेश्वरका काम गर्न सकिने भए तीन साँढे तीन वर्षको सेवकाइको निम्ति

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली

| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | ललितपुर | पनौती | गुरूजुधारा |
|---|---|---|---|---|---|---|
| **जेष्ठ २७ गते जुन ९ ता.** | पाष्टर रोबर्ट कार्थक<br>पाष्टर सामुएल कार्थक | श्री<br>सरोजमान तामाङ्ग | पाष्टर<br>अशोक मुखिया | श्री<br>छयोगेन रोंगोंग | पाष्टर<br>दफ्तन सादा | श्री<br>शरण राई |
| **असार २ गते जुन १६ ता.** | डीकन<br>सिमोन पाठक | श्री<br>सुरेन्द्र नेपाली | श्री<br>सिद्धि खालिङ | श्री<br>स्टिफन राई | एल्डर<br>श्रीलक्ष्मी सैंजु | श्रीमती<br>कविता घले |
| **असार ९ गते जुन २३ ता.** | पाष्टर<br>अशोक मुखिया | श्री<br>प्रेम आले मगर | डीकन<br>सुरेश पुरकोटी | पाष्टर<br>रोबर्ट कार्थक | एल्डर<br>रूबेन श्रेष्ठ | **संयुक्त सेवा<br>ललितपुर चर्च** |
| **असार १६ गते जुन ३० ता.** | एल्डर<br>सामुएल क्षेत्री | श्री<br>रमेश लामा | एल्डर<br>पूर्ण सुनुवार | एल्डर<br>पासाङ्ग डेविड शेर्पा | श्री<br>सिमोन भण्डारी | एल्डर<br>दिल थापा |
| **असार २३ गते जुलाई ७ ता.** | पाष्टर सामुएल कार्थक<br>पाष्टर रोबर्ट कार्थक | **संयुक्त सेवा – ज्ञानेश्वर चर्च** | | पाष्टर राजेन्द्र रोंगोंग<br>पाष्टर बि.बि. खवास | श्रीमती<br>गंगा श्रेष्ठ | श्री<br>श्रीराम सुर्खेती |

येशू प्रभुलाई तीस वर्षसम्म पर्खनुपर्ने आवश्यक थिएन । आज धेरै ख्रीष्टियानहरू प्रभुको सेवा गर्ने कोशिष गरिरहेका छन् । 'आत्माको अभिषेक बिनानै म यी कामहरू गर्न सक्छु' भन्ने धृष्टता देखाउनुचाहिँ आफैलाई ख्रीष्ट प्रभुभन्दा पनि ठूलो बनाउनु हो । 'ख्रीष्टलाई चाहियो होला तर मलाई चाहिँदैन । यो भरपूरी नभएपनि म यी कामहरू गर्न सक्षम छु' भन्नुचाहिँ आफैलाई धोकामा पार्नु मात्र हो । पवित्र आत्माको भरपूरी बिना नै महान आज्ञा पालन गर्न सकिने भए प्रभुले आफ्ना चेलाहरूलाई पवित्र आत्माको बप्तिस्माको निम्ति यरुशलेममा अझ पर्खने कडा आज्ञा दिनुहुने थिएन (लूका २४:४९, प्रेरित १:४-५) ।

प्रभु येशूलाई चाहियो, उहाँका चेलाहरूलाई चाहियो, उहाँका सेवक-सेविकाहरूलाई चाहियो, तपाईंलाई पनि चाहिएको छ ।

प्रभु येशूले लिनुभयो, उहाँका चेलाहरूले लिए, उहाँका सेवक/सेविकाहरूले पनि लिए, लिँदैछन् ...तपाईले नि ?

### मे महिनाको कार्यक्रम

१. जेष्ठ २८ गते/जुन १० ता. आइतबार बिहान १०:००-२:०० बजेसम्म नेइम परिषद्को बैठक नेइम ज्ञानेश्वर मण्डली

२. असार १ गते/जुन १५ ता. शुक्रबार बिहान १०:०० बजे महिला उपवास प्रार्थना आ-आफ्नो मण्डली

३. असार ३ गते/जुन १७ ता. आइतबार बिहान १०:००-२:०० बजेसम्म नेइम बाल संगतिका शिक्षक/शिक्षिकाहरूको रीट्रिट नेइम ललितपुर मण्डली

४. असार १० गते/जुन २४ ता. आइतबार बिहान १०:००-१:०० बजेसम्म नेइम महिला विभाग र समितिको कार्यशाला नेइम ज्ञानेश्वर मण्डली

### जानकारी

श्रीखण्डपुर बस्नुहुने नेइम पनौती मण्डलीको सदस्य श्री सुकलाल सुवाल ८६ वर्षको उमेरमा वैशाख २२ गते/मे ४ ता. शुक्रबार प्रभुमा सुत्नुभयो ।



बल्खु बस्नुहुने नेइम ललितपुर मण्डलीको सदस्य श्री जित बहादुर स्याङ्गतान ८७ वर्षको उमेरमा जेष्ठ ५ गते/मे १८ ता. शुक्रबार प्रभुमा सुत्नुभयो ।

| कार्यक्रम | बार | समय | स्थान | |
|---|---|---|---|---|
| आराधना सेवा | शनिबार | बिहान ७:३०, १०:०० र १२:३० बजे<br>बिहान ९:०० बजे र ११:३० बजे<br>बिहान ८:०० बजे र ११:०० बजे<br>बिहान १०:३० बजे | ज्ञानेश्वर<br>ललितपुर<br>गोंगबूँ,<br>जोरपाटी, पनौती, नगरकोट, जहरसिंह पौवा, गाम्छा, गुरुजुधारा, सिर्जनानगर, रानीपौवा, सुन्दरीजल र साहुगाउँ | |
| संयुक्त आराधना सेवा | अंग्रेजी महिनाको पहिलो शनिबार | | ज्ञानेश्वर, नगरकोट, सिर्जनानगर (बिहान ७:३०, १०:०० र १२:३० बजे) | |
| | अंग्रेजी महिनाको दोस्रो शनिबार (बिहान १०:३० बजे) | | गोंगबूँ | |
| | अंग्रेजी महिनाको तेस्रो शनिबार (बिहान १०:३० बजे) | | जोरपाटी, गाम्छा, सुन्दरीजल, चाँगु | |
| | अंग्रेजी महिनाको चौथो शनिबार (बिहान १०:०० बजे) | | ललितपुर, गुरुजुधारा | |
| आत्मिकी तथा चंगाई सेवा | | महिनामा एक पटक<br>महिनामा दुई पटक | ज्ञानेश्वर, ललितपुर, सिर्जनानगर भक्तपुर, गोंगबू, गाम्छा, सुन्दरीजल<br>जोरपाटी | |
| घरेलु संगति | आइतबार देखि शुक्रबारसम्म साथै हप्ताको अरू समयहरूमा विभिन्न ठाउाहरू | | | |
| प्रार्थना सभा | आइतबार | बिहान ६:०० बजे | नयाँ बानेश्वर, मीनभवन, कपन | बेलुकी ६:०० बजे लिपिकोट |
| | सोमबार | बिहान ५:०० बजे | गोल्फुटार | |
| | सोमबार | बिहान ६:०० बजे | ज्ञानेश्वर, जोरपाटी, नाङ्लेभारे, गाम्छा, नयाँपाटी, थली, मूलपानी-२, गोंगबूँ, पनौती सिर्जनानगर | |
| | मंगलबार | बिहान ६:०० बजे | धापासी र बौद्ध-बज्रनगर, कमलाक्षी मनहरा पुल (पेप्सीकोला) | |
| | बुधबार | बिहान ६:०० बजे | ज्ञानेश्वर, ललितपुर, जोरपाटी, मूलपानी-१, पनौती, सरस्वतीनगर, गुरुजुधारा, भैसेपाटी | |
| | बिहीबार | बिहान ६:०० बजे | गोंगबूँ, ताहाचल | |
| | शुक्रबार | बिहान ६:०० बजे | ज्ञानेश्वर, जोरपाटी, गोंगबूँ, कालीमाटी, कमलाक्षी, गाम्छा, सुन्दरीजल र ताहाचल | दिउँसो ३:०० बजे पनौती |

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली

| मिति | जोरपाटी | जहरसिंह पौवा | गाम्छा | सुन्दरीजल | गोंगबूँ | रानीपौवा | साहुगाउँ |
|---|---|---|---|---|---|---|---|
| जेष्ठ २७ गते<br>जुन ९ ता. | पाष्टर<br>एल.पी.न्यौपाने | श्री<br>अनुप लामा | एल्डर<br>जमान तामाङ्ग | श्री<br>लाक्पा लामा | **संयुक्त सेवा**<br>पाष्टर रोबर्ट कार्थक | श्रीमती<br>रीना तामाङ्ग | एल्डर<br>धन बहादुर तामाङ्ग |
| असार २ गते<br>जुन १६ ता. | पाष्टर<br>रोबर्ट कार्थक | **संयुक्त सेवा-जोरपाटी चर्च** | | | डीकनेस्<br>निर्मला ढुङ्गेल | डीकनेस्<br>अमृता कार्थक | डीकन<br>हनोक तामाङ्ग |
| असार ९ गते<br>जुन २३ ता. | पाष्टर<br>महेश थाँजु | एल्डर<br>जमान तामाङ्ग | एल्डर<br>गोपी राई | एल्डर<br>दानिएल सापकोटा | एल्डर<br>पासाङ्ग डेविड शेर्पा | श्री<br>कुमार सेन्चुरी | डीकनेस्<br>आशा तामाङ्ग |
| असार १६ गते<br>जुन ३० ता. | पाष्टर<br>पारस थापा | एल्डर<br>गोपी राई | एल्डर<br>दानिएल सापकोटा | एल्डर<br>जमान तामाङ्ग | एल्डर<br>राजु श्रेष्ठ | श्रीमती<br>रीना तामाङ्ग | एल्डर<br>धन बहादुर तामाङ्ग |
| असार २३ गते<br>जुलाई ७ ता. | एल्डर<br>दानिएल सापकोटा | श्री<br>अमृत लामा | एल्डर<br>अष्ट श्रेष्ठ | एल्डर<br>पासाङ्ग डेविड शेर्पा | पाष्टर<br>बर्णबास श्रेष्ठ | **संयुक्त सेवा**<br>**गोंगबूँ चर्च** | डीकन<br>हनोक तामाङ्ग |

### हार्दिक बधाई



नेइम ज्ञानेश्वरका पूर्णकालिन सेवक/सेविका श्रीमान/श्रीमती डीकन सिमोन पाठकले Master of Arts in Transformational Leadership र रीना पाठकले Master of Arts in Biblical Studies मा इन्टरनेशनल ग्र्याज्युएट स्कूल अफ लिडरसीप, फिलिपिन्सबाट २०६९ चैत्र १८ गते/२०१२ मार्च ३१ ता. दुवैजनाले स्नातकोत्तर डिग्री सम्मानका साथ (With Honours) हासिल गर्नुभएकोमा मण्डली परिवारको तर्फबाट दुवैजनालाई हार्दिक बधाई ज्ञापन गर्दछौं ।

### जानकारी

वैशाख गते २४/मे ६ ता. आइतबार नेइम ज्ञानेश्वर मण्डलीमा ३१ जना विश्वासीहरूले पानीको बप्तिस्मा लिनुभयो ।

वैशाख गते ३०/मे १२ ता. शनिबार नेइम ललितपुर मण्डलीमा १ जना विश्वासीले समर्पण गर्नुभयो ।

जेष्ठ ६ गते/मे १९ ता. शनिबार गोंगबूँ मण्डलीको ४५ जना विश्वासीहरूले समर्पण गर्नुभयो ।

जेष्ठ १७ गते मे ३० ता. बुधवार नेइम ज्ञानेश्वर मण्डलीको शाखा नेइम पाखर मण्डली, कुँएले-२, सिन्धुपाल्चोक मण्डली भवन अर्पण गरियो ।



नेइम नगरकोट मण्डलीको सदस्य श्री सरूष मान तामाङ्गले नेपाल थियोलोजिकल कलेज सात दोबाटो ललितपुरबाट ईश्वरीय शास्त्रमा बी.टीएच पूरा गर्नुभइ २०६९ वैशाख २४ गते/२०१२ मे ६ ता. आइतबार दिक्षित हुनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई ज्ञापन गर्दछौं ।



नेइम ज्ञानेश्वर मण्डलीको सदस्य श्री प्रेम आले मगरले नेपाल थियोलोजिकल कलेज सात दोबाटो ललितपुरबाट ईश्वरीय शास्त्रमा बी.टीएच पूरा गर्नुभइ २०६९ वैशाख २४ गते/२०१२ मे ६ ता. आइतबार दिक्षित हुनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई ज्ञापन गर्दछौं ।

### नेइमका मिशनेरीहरू तथा शाखा-आवद्ध मण्डलीका पास्टर /अगुवाहरूको विशेष तालिम सम्पन्न

मे १३-१७, २०१२ तदनुसार २०६९ वैशाख ३१-जेठ ४ गतेसम्म नेइम ज्ञानेश्वर चर्च कालोपुल काठमाडौंमा नेइमका मिशनेरीहरू र शाखा-आवद्ध मण्डलीका मुख्य पाष्टर/अगुवाहरूको विशेष पाष्टर/अगुवा तालिम सम्पन्न भयो । उक्त तालिममा भारतको गढवाल, सिलिगुढी, पुने, बैंगलोर र मुम्बईबाट मिशनेरीहरू आउनुभएको थियो भने १९ वटा जिल्लाहरूमा अवस्थित नेइम मण्डलीका ५० जना अगुवा प्रतिनिधीहरू (क्षेत्रीय मुख्य पाष्टर/अगुवाहरू) सहभागी हुनुहुन्थ्यो । विशेष कारणवश सुदूर पश्चिम तराईबाट पाष्टर/अगुवाहरू आउनसक्नुभएको थिएन । नेपाल बन्द र आमहड्ताल लगायत देशको विषम परिस्थितिका बाबजुद पनि पाष्टर/अगुवाहरू पैदल, गाडी र हवाईयात्रा मार्फत काठमाडौं आइपुग्नुभएको थियो । पाष्टर गुरुबाको वचनबाट शुरू भएको उक्त तालिममा सिकाइएका विषयवस्तुहरू निम्नानुसार थिए:

१. मण्डली जागृति - पास्टर सामुएल कार्थक
२. नेतृत्व विकाश तालिम (प्रशिक्षकको निम्ति प्रशिक्षण)-पाष्टर महेश थाँजु
३. नेपाली मण्डलीको इतिहास र सामाजिक सन्दर्भ - पाष्टर डा. राजेन्द्र कुमार रोंगोंग
४. पाष्टरीय अगुवापन - डीकन सिमोन पाठक
५. मण्डली सिद्धान्त - श्री पिटर लिम्बु
६. प्रभावशाली बाइबलिय प्रचार - डीकन सिमोन पाठक
७. पारिवारिक सेमिनार (प्रशिक्षकको निम्ति प्रशिक्षण) - श्री लेखनाथ पौडेल
८. मण्डली स्थापना तथा सुदृढीकरण - पाष्टर सामुएल कार्थक
९. सेवकाइ र रुपैयाँ-पैसा - डीकनेस् शुइङ्ग कार्थक
१०. चेलीबेटी बेचबिखन विरुद्ध जनचेतना - पाष्टर देवराज (निर्देशक मुम्बई टिन च्यालेन्ज)

तालिमको अन्तिम दिन विहानको आराधनाको समयमा विभिन्न बाजागाजा, झ्याली र तुरही अनि परमेश्वरको नाउँ लेखिएका झण्डाहरू फहराउँदै गरिएको उक्त आराधनामा स्वर्गीय आनन्दको अनुभव भएको धेरै जना सहभागीहरूले बताउनुभयो । तालिमको समापनको समयमा कतिपय सहभागीहरूले हृदय देखि नै नेइम ज्ञानेश्वर मण्डलीप्रति रहेको प्रेम दर्शाउनुभएको थियो । पाँच दिनसम्म रहेको उक्त तालिममा पाष्टर गुरुबाको वचन तथा प्रभुभोजबाट समापन गरिएको थियो । यसपालिको तालिम कार्यक्रमबाट सेवकाइको निम्ति नयाँ उत्साह र उर्जा मिलेको अनि त्यसलाई आ-आफ्नो मण्डलीमा गएर सिकाउने र कार्यान्वय गर्ने प्रतिबद्धता सहभागी पाष्टर/अगुवाहरूले गर्नुभयो । समग्रमा यसपालिको तालिम आशिष्मय र सफल भयो । प्रार्थना तथा सहायताको लागि मण्डली परिवारलाई मिशन विभाग धन्यवाद ज्ञापन गर्दछ ।

| | | | | | |
|---|---|---|---|---|---|
| **आइतबार Sunday** | २१ 3<br>मण्डलीमा विभिन्न क्षेत्रमा सेवकाइ पुऱ्याइराख्नुभएका सेवक/सेविकाहरूको व्यक्तिगत,परिवार र सेवकाइमा आशिष मागिदिऔं ।<br>मत्ती ६:३१-३३ | २८ 10<br>अगुवाको स्थानमा रहनुभएकाहरूले उदाहरण भएर आफ्नो बगालको हेरचाह गर्दै परमेश्वरसँग डोऱ्याउन सकून् ।<br>१ पत्रुस ४:१-४ | ३ 17<br>सारा संसारका मानिसहरूले येशू ख्रीष्ट नै प्रभु अनि मुक्तिदाता हुनुहुन्छ भनी जानेर विश्वास गर्न सकून् ।<br>यशैया ४५:१८-२५ | १० 24<br>नेपालभरि रहेका मण्डलीहरूमा पवित्र आत्माको काम अझै बढेर गएको होस् र सम्पूर्ण मण्डली पवित्र आत्माले भरिँदै जान सकून् ।<br>मर्कूश १६:२० | १७ 1<br>नेपाल देशका पाष्टर तथा अगुवाहरूको सेवकाइको लागि बल, साहस र पवित्र आत्माको अगुवाइ मागिदिऔं ।<br>यहोशू १:६-९ |
| **सोमबार Monday** | २२ 4<br>व्यक्तिगत, पारिवारिक र सामूहिक रुपमा चढाएका प्रार्थनाको उत्तर पर्खन, उत्तर पाएकोमा साथै उत्तर नपाएकोमा पनि सधैं धन्यवादी हुन सकौं ।<br>१ थेसलोनिकी ५:१६-१८ | २९ 11<br>प्रत्येक परिवारले आफ्नो परिवारमा प्रभुलाई पाहुना होइन तर प्रभु मानी आदर दिनेहरू हुन सकून् ।<br>मत्ती ७:२१-२३ | ४ 18<br>सेवा संगतिदेखि टाढिएकाहरू र प्रभुको प्रेमलाई चाखेर संसारतिर फर्केर गएकाहरू साँचो पश्चात्तापी भएर प्रभुमा फर्कन सकून् ।<br>लूका १५:१७-२४ | ११ 25<br>हामी कोही पनि विश्वासमा कमजोर भएकाहरूको न्याय गर्ने होइन तर उनीहरूको निम्ति बोझसहित प्रार्थना गर्नेहरू हुन सकौं ।<br>रोमी १५:१-७ | १८ 2<br>प्रभु येशूमा भएकाहरू जीवनको सबै परिस्थितिमा सधैं धन्यवादी भई जिउनको लागि परमेश्वरको अनुग्रह मागौं ।<br>हबकूक ३:१७-१९ |
| **मंगलबार Tuesday** | २३ 5<br>पूर्णकालिन सेवक/सेविकाहरू मण्डलीलाई हुर्काउन, बढाउन, डोऱ्याउन र वास्ता गर्नको लागि पवित्र आत्माको सहायता मागिदिऔं ।<br>१ तिमोथी १:१२ | ३० 12<br>मण्डलीका सबै विश्वासीहरू परमप्रभु परमेश्वरलाई सत्यतामा पुकार्ने, उहाँको भय मान्ने र उहाँलाई प्रेम गर्नेहरू हुन सकून् ।<br>भजनसंग्रंह १४५:१७-२० | ५ 19<br>मण्डलीलाईअगुवाइ गरिरहनुभएकाहरू सबै एउटै दर्शनमा अघि बढ्न सकून् र मण्डलीलाई पनि अघि बढाउन सकून् ।<br>भजनसंग्रह १०३:७ | १२ 26<br>आफूले पाएको विभिन्न वरदानहरू प्रेम र नम्रतामा मण्डली निर्माणको लागि सबैले परमेश्वरको महिमाको लागि चलाउन सकून् ।<br>१ कोरिन्थी १३:१-३ | १९ 3<br>हामी सबै ख्रीष्ट प्रभुलाई जीवनको अन्तिम घडीसम्मै प्रेम गरिरहन र उहाँको भएर जिउनको लागि अनुग्रह मागौं ।<br>२ तिमोथी ४:१-८ |
| **बुधबार Wednesday** | २४ 6<br>घरेलु संगतिहरू अझै बढेर, फैलिएर जान सकून् र अगुवाइ गर्नको लागि बोझ र दर्शन पाएका अगुवाहरू पनि तयार हुन सकून् ।<br>२ तिमोथी १:८-१२ | ३१ 13<br>बप्तिस्मा नलिएकाहरूले प्रभु येशू ख्रीष्टलाई साँचोसँग पछ्याउने निर्णय लिएर बप्तिस्माको कदम उठाउन सकून् ।<br>रोमी ६:३-४ | ६ 20<br>मण्डलीमा थपिरहनुभएका नयाँ आत्माहरूलाई प्रभुमा हुर्काउनको लागि सबैजना बोझसहित लागिपर्न सकौं ।<br>मत्ती २८:१८-२० | १३ 27<br>परमेश्वरप्रतिको प्रेममा धन्यवादी भई आफ्नो कमाइको दशांश साथै अन्य भेटी चढाउने काममा सधैं मण्डली परिवार इमान्दार हुन सकून् ।<br>मलाकी ३:६-१२ | २० 4<br>हामी आफ्नो परिवारको लागि मात्र होइन तर अरूको लागि पनि प्रार्थना, सहायता, वास्ता गर्नेहरू भई आशिषको कारण बन्न सकौं ।<br>हिब्रू १३:२१ |
| **बिहीबार Thursday** | २५ 7<br>प्रत्येक शनिवार आराधना सेवामा सुनेका वचनमा हामी सबैजना अज्ञाकारी हुँन सकौं ।<br>मत्ती ७:२४-२७ | ३२ 14<br>मण्डलीका सबै जवानहरू प्रभुमा पूरा समर्पित भएर जिउन सकून् र परमेश्वरको निम्ति आफैलाई संसारको कुराबाट अलग राख्न सकून् ।<br>१ यूहन्ना ४:४ | ७ 21<br>मण्डलीका सबै विश्वासीहरू परमेश्वरलाई प्रेम गर्नेहरू भई घर परिवार, मण्डली र समाजमा आशिषको कारण हुन सकोस् ।<br>१ पत्रुस ४:७-११ | १४ 28<br>बेथानी आश्रममा बस्नुभएका बज्यैहरू साथै मण्डलीका सबै वृद्ध/वृद्धाहरू परमेश्वरमा सधैं आनन्दित जीवन जिउन सकून् ।<br>यशैया ४६:३-४ | २१ 5<br>परिवारका सबै सदस्यहरू परमेश्वरले दिनुभएको शान्ति, मेलमिलाप र समझदारीमा जिउन सकून् ।<br>कलसी ३:१३-१७ |
| **शुक्रबार Friday** | २६ 8<br>आराधना सेवामा परमेश्वरको जीवित उपस्थिति प्रत्येकले थाहा गरी आशिषित हुन सकून् ।<br>लेवी २६:१२-१३ | १ असार 15<br>विभिन्न सेवा संगतिहरूमा वचनको सेवकाई गर्नुहुनेहरूको लागि प्रभुबाटको वचन, पवित्र आत्माको अगुवाई र अभिषेक मागिदिऔं ।<br>२ कोरिन्थी २:१४-१७ | ८ 22<br>मण्डलीमा प्रत्येक शनिबार आउनुहुने नयाँहरूले ख्रीष्ट येशू प्रभुलाई साँचो हृदयले प्रभु अनि मुक्तिदाता भनी ग्रहण गर्न सकून् ।<br>प्रेरित १५:१५-१६ | १५ 29<br>आराधना सेवामा आउने हामी परमेश्वरका छोराछोरीहरू सधैं प्रभुको उपस्थितिको चाहना लिएरआउन सकौं ।<br>उपदेशक ५:१-६ | २२ 6<br>आराधना सेवामा चढाएको स्तुति प्रशंसाद्वारा उहाँको महिमाले यस देशलाई ढाकेको होस् र देशमा भएका अन्धकारका कुरा हटेर गएको होस् ।<br>२ इतिहास २०:२१-३० |
| **शनिबार Saturday** | २७ 9<br>अधुरो घरानाका सम्पूर्ण सदस्यहरूले प्रभु येशू ख्रीष्टले दिनुहुने मुक्ति र उद्धार ग्रहण गर्न सकून् ।<br>प्रस्थान २०:१-६ | २ 16<br>मिशनेरी भएर विभिन्न ठाउँमा सेवकाइको लागि जानुभएकाहरूको सेवकाइ, परिवार, मण्डलीको लागि प्रार्थना गरिदिऔं ।<br>यशैया ४५:१-७ | ९ 23<br>लागु पदार्थ, जाँड रक्सी, चुरोट तथा अरू विभिन्न किसिमका बन्धनमा फसेका सबैले छुट्कारा पाई आशिषित जीवन जिउन सकून् ।<br>कलस्सी २:२१-२३ | १६ 30<br>शाखा/आवद्ध मण्डलीमा रहेका सबै पाष्टर, अगुवा, प्रचारक तथा मण्डलीका सबै विश्वासीहरूको लागि प्रभुबाटको प्रशस्त आशिष मागिदिऔं ।<br>यशैया ४२:६-७ | २३ 7<br>परमेश्वरप्रतिको प्रेममा धन्यवादी भई आफ्नो कमाइको दशांश साथै अन्य भेटी चढाउने काममा सधैं मण्डली परिवार इमान्दार भइराख्न सकून् ।<br>भजनसंग्रह १२१:१-८ |

## आफ्नो आशामा आनन्द गर, सङ्कष्टमा धैर्य धारण गर, प्रार्थनामा निरन्तर लागिरहो ।

**रोमी १२:१२**